# सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी जरुरी सूचना !

## (प्रकाशित मितिः २०८१/१०/१६)

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहमा नेपाल सरकारबाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरण तयार गरी २०८१ फाल्गुण १५ गते भित्र राष्ट्रिय योजना आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणाली (www.csgrants.gov.np) मार्फत राष्ट्रिय योजना आयोगमा पठाउनहुन सबै प्रदेश तथा स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोग/प्रदेश योजना आयोगको आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको सिफारिशमा प्रदेश सरकार (मन्त्रिपरिषद्) निर्णयसहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले आयोजना वा कार्यक्रमको प्राथमिकीकरणको निर्णयसहित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट समपूरक अनुदानका लागि अनुसूची-१ र अनुसूची-२ तथा विशेष अनुदानका लागि अनुसूची-२, अनुसूची-३ र अनुसूची-४ बमोजिमको ढाँचामा आवश्यक विवरण तथा शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण समेत सलंग्न गरी पेश गर्नुपर्नेछ। समपूरक र विशेष अनुदान माग र प्रस्ताव पेश गर्ने सम्बन्धमा कार्यविधि तथा आवश्यक सुचना तथा विवरण www.csgrants.gov.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगको टेलिफोन नं . ०१-४२१११११३, ०१-४२११०१४ र इमेल मार्फत (csgrants@npc.gov.np) सम्पर्क गर्न सकिनेछ।

**समपूरक र विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्न अनलाईन प्रणालीमा प्रविष्ट गर्ने प्रकृया यस प्रकार रहेको छ।**

१. प्रदेश सरकार तथा स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) को लागि लग-इन गर्ने विवरणहरु (Login credentials) तत् तत् निकायहरुलाई राष्ट्रिय योजना आयोगबाट यस अगाडि उपलब्ध गराईसकिएको छ। कुनै कारणवस् Login credentials reset गर्न आवश्यक भएमा सम्बन्धित निकायले csgrants@npc.gov.np मा आधिकारिक पत्रसहित ईमेलमार्फत माग गर्न सक्नेछन्।



१२।१...

२. आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा समपूरक र विशेष अनुदान व्यवस्थापन सूचना प्रणाली www.csgrants.gov.np बाट विवरणहरु अनलाइनमा प्रविष्ट गरी तोकिएको समयावधि (माघ १६ गते देखि फाल्गुण १५ गतेसम्म) भित्र प्रस्ताव गर्नुपर्नेछ।

३. समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव तयारी सम्बन्धी अन्य जानकारीको लागि संलग्न फाइलहरु हेर्न सकिनेछ।

(क) समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१

(ख) विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१

(ग) आयोजना विवरण वेबसाईटमा भर्ने प्रयोगकर्ता पुस्तिका (User Manual)

## <u>समपूरक अनुदान</u>

**१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना वा कार्यक्रमप्रस्ताव गर्न सकिनेछः**

| क्र.सं. | प्रमुख क्षेत्रहरु | आयोजना वा कार्यक्रम प्रस्तावका क्षेत्रहरु |
|---|---|---|
| १ | कृषि पूर्वाधार | <u>कृषि उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी पूर्वाधारः</u><br>चक्लाबन्दी खेती बिस्तार, उन्नत तथा हाइब्रिड बीउ उत्पादन केन्द्र, सामुदायिक बीउ बैंक, प्राङ्गारिक मल उत्पादन उद्योग, प्रविधियुक्त नर्सरी स्रोत केन्द्र, प्रोसेसिङ्ग, ग्रेडिङ्ग तथा प्याकेजिङ्ग गृह, कोल्ड स्टोर, प्लान्ट क्वारेन्टिन र प्रयोगशाला, हाटबजार, कृषि बजार संकलन केन्द्र, कृषक तालिम हल निर्माण, आदि। |
| २ | खानेपानी तथा सरसफाई | <u>खानेपानी तथा सरसफाई सम्बन्धी पूर्वाधारः</u><br>सतह स्रोत संरचना (surface intake structure), खानेपानी प्रसारण र वितरण प्रणाली, खानेपानी प्रशोधन प्रणाली (water treatment), सामुदायिक धारा निर्माण, वाटर मिटरसहित निजी धारा जडान, खानेपानी परीक्षण प्रयोगशाला, खानेपानीको स्रोत मुहान संरक्षण, आदि। । |
| ३ | सिंचाई तथा नदी नियन्त्रण | <u>सिँचाई तथा नदी नियन्त्रण सम्बन्धी पूर्वाधारः</u><br>नयाँ सिँचाई कुलो नहर, पाइप सिंचाई, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी, थोपा सिंचाई, भुमिगत जल सिँचाई, स्प्रिडकल तथा बाढी, डुबान र नदी कटानमा तटबन्धन, आदि। । |

| | | |
|---|---|---|
| ४ | फोहोरमैला प्रशोधन र व्यवस्थापन | फोहोरमैला प्रशोधन एवम व्यवस्थापनका लागि नवीनतम प्रविधि, ल्याण्डफिल साईट, इन्सिनरेसन, उपकरण र स-साना ढुवानीका साधन (wheel barrow), आदि। |
| ५ | शैक्षिक पूर्वाधार | सामुदायिक विद्यालय भवन निर्माण |
| ६ | पर्यटन पुर्वाधार | **<u>स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने पर्यटन पूर्वाधारः</u>**<br>साहसिक पदमार्ग, योग पर्यटनसँग सम्बन्धित पूर्वाधार, पर्यटकीय बसपार्क तथा ट्याक्सी पार्क, स्नानगृह सहितको शौचालय, चमेना गृह, कफी केन्द्र, मौलिक उपज प्रशोधन तथा बिक्री केन्द्र, पर्यटक आवास गृह र पर्यटकीय गन्तव्यको १ कि.मि. भित्रका सडक सुधार, आदि। । |
| ७ | मध्यवर्ती क्षेत्र विकास पुर्वाधार | मध्यवर्ती क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि गरिने पूर्वाधार निर्माण |
| ८ | उर्जा, विज्ञान तथा प्रविधि विकास पूर्वाधार | सौर्य, वायु, जैविक लगायतका वैकल्पिक उर्जा उत्पादन, विद्युत सेवाबाट बञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण, विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार |
| ९ | स्वास्थ्य पूर्वाधार | स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार |
| १० | सडक पूर्वाधार | स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा प्रदेश लोकमार्ग र सो अन्तर्गतको सडक पुल |
| ११ | अन्य पूर्वाधार | नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएका आयोजना |

**२. समपूरक अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा विद्युतीय (Online) प्रणालीमा प्रविष्टि गर्नुपर्ने आवश्यक विवरण :**

(क) प्रस्तावित आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई, आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना, र कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति लगायत कार्यविधिको अनुसूची-१ बमोजिमको विवरण अनिवार्य प्रविष्ट गर्नुपर्नेछ।

(ख) आयोजना वा कार्यक्रमको पूर्व तयारी सम्पन्न भएका आयोजना वा कार्यक्रम मात्र पेश गर्नु पर्नेछ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

(ग) आगामी आर्थिक वर्षका लागि यस अघि समपूरक अनुदान प्राप्त गरी कार्यान्वयन भइरहेका र सम्पन्न हुन बाँकी रहेका आयोजना वा कार्यक्रमलाई पहिलो प्राथमिकता दिई बजेट समेत खुलाई आयोजना वा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

(घ) विद्युतीय प्रणाली (अनलाईन पोटर्ल) मा समपूरक अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्दा यस अघि स्वीकृत भई कार्यान्वयन भइरहेका आयोजना वा कार्यक्रमको प्रगति विवरण अनिवार्य प्रविष्ट गरेपछि मात्र क्रमागतका साथै नयाँ आयोजना वा कार्यक्रम माग गर्नुपर्नेछ।

(ङ) क्रमागत आयोजना वा कार्यक्रमको लागि रकम प्रस्ताव गर्दा कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण स्पष्ट खुलाउनुपर्नेछ।

(च) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण खुलाउनुपर्नेछ।

(छ) समपूरक अनुदान माग गर्दा आयोजना वा कार्यक्रमको कूल लागत रकममध्ये नेपाल सरकार, प्रदेश वा स्थानीय तहले व्यहोर्ने अंश तथा त्यस्तो स्रोतको विवरण र अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेश गर्नु पर्नेछ।

(ज) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा स्पष्ट खुलाउनुपर्नेछ।

(झ) प्रदेश र स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना वा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्षको लागि बजेट माग गर्नु पर्नेछ। यसरी बजेट माग नगरेमा स्वतः बजेट सिफारिश हुने छैन र त्यस्तो आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ।

(ञ) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधि भित्रै सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

(ट) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान अन्तर्गत आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा कार्यविधिको दफा ३ को उपदफा (२) बमोजिमको बजेट सीमा भित्र रही प्रदेशको हकमा क्रमागत सहित बढीमा दश वटासम्म र स्थानीय तहको हकमा क्रमागत सहित बढीमा तीन वटासम्म आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सक्नेछ। तर, नयाँ कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका क्रमागत आयोजना वा कार्यक्रमको कूल लागत र लागत साझेदारी अनुपात साविककै व्यवस्था बमोजिम प्रस्ताव गर्नुपर्नेछ।

(ठ) समपूरक अनुदान अन्तर्गत तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी, कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना वा कार्यक्रम तथा वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

(ड) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन।

(ढ) प्रदेश वा स्थानीय तहमा उपलब्ध हुने समपूरक अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ।

(ण) समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना वा कार्यक्रम र सम्बन्धित स्थानीय तहमा संघ वा प्रदेशबाट सञ्चालित वा अन्य गैर सरकारी संघ संस्थाबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम एउटै प्रकृतिको रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रमसँग दोहोरोपन नहुने गरी परिपूरकता कायम गर्नु पर्नेछ।

(त) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट विगत आर्थिक वर्षमा कार्यान्वयन गरेका तर निर्धारित समयमा सम्पन्न हुन नसकी हालसम्म अधुरो वा अपुरो रहेका पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न गर्न सकिने अवस्था भएमा त्यस्तो आयोजना सम्पन्न हुन सक्ने पर्याप्त आधार र कारण खुलाई एक पटकका लागि प्रस्ताव पेश गर्न सकिनेछ। यसरी अनुदान उपलब्ध गराइएको अधुरो आयोजना प्रचलित खरिद कानूनको अधिनमा रही सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने प्रतिवद्धता समेत पेश गर्नुपर्नेछ।

**३. समपूरक अनुदान अन्तर्गत आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्दा सलंग्न गर्नुपर्ने कागजातहरु :**

आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजातहरु विद्युतीय अनलाईन प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरणको लागत अनुमान। तर दश करोड रुपैयाँभन्दा माथि लागत अनुमान भएका आयोजना वा कार्यक्रमको हकमा विस्तृत परियोजना प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन।

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण, स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिशमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय र अनुसूची-२ बमोजिमको ढाँचामा शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण।

**४. आयोजना वा कार्यक्रमको लागत अनुमान, बजेट तथा समय सीमा, लागत साझेदारी अनुपात सम्बन्धी विवरणः**

| क.सं. | सम्बन्धित तह | न्यूनतम लागत | अधिकतम लागत | आयोजना/कार्यक्रम सम्पन्न गर्नुपर्ने अधिकतम अवधि | लागत साझेदारी अनुपात |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | प्रदेश सरकार | १० करोड | ३० करोड | ३ वर्ष | कार्यविधिको अनुसूची-४ बमोजिम |
| २. | उपमहानगरपालिका/ महानगरपालिका | ३ करोड | १५ करोड | ३ वर्ष | कार्यविधिको अनुसूची-३ बमोजिम |
| ३. | गाउँपालिका/नगरपालिका | १ करोड | ७ करोड | ३ वर्ष | कार्यविधिको अनुसूची-३ बमोजिम |

**५. समपूरक अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना वा कार्यक्रम सम्बन्धी अन्य विवरणः**

(क) समपूरक अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव गर्दाको वखतमा नै कार्यान्वयनमा लैजाने गरी आयोजना वा कार्यक्रमको पूर्व तयारी सम्बन्धी कार्यहरु (जग्गा प्राप्ति, Site clearance, खरीद योजना, जनशक्ति व्यवस्थापन, ठेक्का व्यवस्थापन, अनुगमन योजना लगायत) मा यथेष्ट ध्यान दिनुपर्नेछ।

(ख) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गरिएको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन कार्यविधिको अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी राष्ट्रिय योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणालीमा त्रैमासिक रूपमा अनिवार्य प्रविष्टि गर्नु पर्नेछ।

(ग) प्रदेश वा स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रमस्थलमा "आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नुपर्नेछ।

(घ) प्रदेश वा स्थानीय तहले सञ्चालन गरेको आयोजना वा कार्यक्रमको सम्बन्धित विशेषज्ञ, लाभग्राही वर्ग र स्थानीय समुदाय वा सरोकारवाला र नागरिक समाजको सहभागितामा वर्षको कम्तीमा दुई पटक सार्वजनिक परीक्षण तथा वर्षको एक पटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सार्वजनिक सुनुवाई गर्दा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

(ङ) समपूरक अनुदानबाट सम्पन्न भएका आयोजना वा कार्यक्रमको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ। त्यस्तो आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि नेपाल सरकारले कुनै दायित्व वहन गर्ने छैन।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

## विशेष अनुदान

**१. विशेष अनुदानका लागि निम्न क्षेत्रका आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछः**

| क्र.सं. | प्रमुख क्षेत्रहरु | आयोजना वा कार्यक्रम प्रस्तावका क्षेत्रहरु |
|---|---|---|
| १ | शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृद्धि | (क) विद्यालय फर्निचर, शैक्षिक सामग्री, कम्प्युटर, डिजिटल बोर्ड, प्रयोगशाला उपकरण, पुस्तकालय, शौचालय, खानेपानी, घेरबार पर्खाल जस्ता पुरक शैक्षिक पूर्वाधार<br>(ख) दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडिएको समुदाय लक्षित वर्गका लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदानबाट नसमेटिएका अन्य शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रम |
| २ | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि | (क) आधारभुत स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामग्री, अपुग भएको अत्यावश्यक औषधी, बर्थिंग सेन्टरका लागि शैया तथा उपकरण आदि।<br>(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदानबाट नसमेटिएका स्वास्थ्य सम्बन्धी अन्य कार्यक्रम<br>(ग) मातृ तथा बालबालिकाका लागि पोषण सुधार |
| ३ | आधारभूत खानेपानी तथा सरसफाई सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाई | (क) आधारभूत खानेपानी आपूर्ति<br>(ख) आधारभूत सरसफाई<br>(ग) जल पुनर्भरण तथा स्रोत संरक्षण |
| ४ | आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासका | (क) कृषक समूहका लागि डिप ट्युबेल सिंचाई, यान्त्रिक सिंचाई, थोपा सिंचाइ, रोअर पम्प, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल, गोठ सुधार, व्यवसायिक पशुपन्छी पालन, नश्ल सुधार, रोग किरा नियन्त्रण, रैथाने बाली संरक्षण, बिउ बिजन, फलफूलको बोटबिरुवा उत्पादन, आदि। |

| | | |
|---|---|---|
| | लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व बृद्धि एवम् आयआर्जन तथा जीविकोपार्जन सुधार, | (ख) कृषि उपकरण, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको संकलन तथा बिक्री केन्द्र स्थापना, बाली भण्डारण तथा क्षति नियन्त्रण, आदि।<br>(ग) विपन्न भूमिहीन वर्ग लक्षित वगर वा नदी उकास क्षेत्रमा गरिने व्यवसायिक कृषि, आदि।<br>(घ) सामुहिक रुपमा जग्गा भाडामा लिई गरिने व्यवसायिक कृषि, जडिबुटी खेती तथा गैरकाष्ठ बन पैदावार उत्पादन, आदि।<br>(ङ) उद्यमशीलता विकासका लागि सघाउ पुग्नेगरी उपकरण, प्रविधि र वित्तीय एवं बजार पहुँच सहितको एकीकृत तालिम प्याकेज, आदि |
| ५ | विपद् जोखिम न्यूनीकरण तथा नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रममा नसमेटिएका विपदबाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनःनिर्माण | (क) विपद् जोखिमयुक्त वस्ती स्थानान्तरण<br>(ख) नेपाल सरकार र प्रदेश सरकारका कार्यक्रममा नसमेटिएका विपदबाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनःनिर्माण |
| ६ | लोपोन्मुख, विपन्न तथा सीमान्तकृत समुदायका लागि नमूना आवास, एकीकृत वस्ती विकास तथा जोखिमयुक्त बस्ती स्थानान्तरण | विपन्न तथा सीमान्तकृत समुदायका लागि नमूना आवास तथा एकीकृत वस्ती विकास |

**२. विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा विद्युतीय (Online) प्रणालीमा प्रविष्टि गर्नुपर्ने आवश्यक विवरण :**

(क) प्रस्तावित आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई, आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना, र कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति लगायत कार्यविधिको अनुसूची-२ बमोजिमको विवरण अनिवार्य प्रविष्ट गर्नुपर्नेछ।

(ख) आयोजना वा कार्यक्रमको पूर्व तयारी सम्पन्न भएका आयोजना वा कार्यक्रम मात्र पेश गर्नु पर्नेछ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

(ग) आगामी आर्थिक वर्षका लागि यस अघि विशेष अनुदान प्राप्त गरी कार्यान्वयन भइरहेका र सम्पन्न हुन बाँकी रहेका आयोजना वा कार्यक्रमलाई पहिलो प्राथमिकता दिई बजेट समेत खुलाई आयोजना वा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

(घ) विद्युतीय प्रणाली (अनलाईन पोटर्ल) मा विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्दा यस अघि स्वीकृत भई कार्यान्वयन भइरहेका आयोजना वा कार्यक्रमको प्रगति विवरण अनिवार्य प्रविष्ट गरी मात्र क्रमागतका साथै नयाँ आयोजना वा कार्यक्रम माग गर्नुपर्नेछ।

(ङ) क्रमागत आयोजना वा कार्यक्रमको लागि रकम प्रस्ताव गर्दा कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण स्पष्ट खुलाउनुपर्नेछ।

(च) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण खुलाउनुपर्नेछ।

(छ) प्रदेश र स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन हुने पूर्वाधारसँग सम्बन्धित क्रमागत आयोजना वा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्षको लागि बजेट माग गर्नु पर्नेछ। यसरी बजेट माग नगरेमा स्वतः बजेट सिफारिश हुने छैन र त्यस्तो आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ।

(ज) प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधि भित्रै सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

(झ) प्रदेश वा स्थानीय तहले विशेष अनुदान अन्तर्गत नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा कार्यविधिको दफा ३ को उपदफा (२) बमोजिमको बजेट सीमा भित्र रही प्रदेशको हकमा क्रमागतसहित बढीमा दश वटासम्म र स्थानीय तहको हकमा क्रमागतसहित बढीमा तीन वटासम्म आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सक्नेछ। तर, नयाँ कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका क्रमागत आयोजना वा कार्यक्रमको कूल लागत साविककै व्यवस्था बमोजिम प्रस्ताव गर्नुपर्नेछ।

(ञ) विशेष अनुदान अन्तर्गत तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी, कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना वा कार्यक्रम तथा वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

(ट) विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन। तर, पूर्वाधार निर्माण बाहेक प्रचलित सार्वजनिक खरिद कानून बमोजिमको सीमाभित्रको कार्यक्रमको हकमा उत्पादन तथा उत्पादकत्व वृद्धि एवम् आयआर्जन तथा जीविकोपार्जन सुधार सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि प्रचलित खरिद कानूनको बजेट सीमाको परिधिभित्र रहने गरी कृषक समूह, महिला समूह जस्ता सामाजिक परिचालनको माध्यमबाट गठन भई स्थानीय तहमा सूचीकृत सामुदायिक संस्थालाई

परिचालन गर्न सकिनेछ। यस प्रयोजनका लागि स्थानीय तहमा रहेका अगुवा कृषक, सामाजिक परिचालक वा उत्प्रेररकको समेत सहयोग लिन सकिनेछ।

(ठ) प्रदेश वा स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ।

(ड) विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना वा कार्यक्रम र सम्बन्धित स्थानीय तहमा सङ्घ वा प्रदेशबाट सञ्चालित वा अन्य गैर सरकारी संघ संस्थाबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम एउटै प्रकृतिको रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रमसँग खर्च एवम् लक्षित समूहमा दोहोरोपन नहुने गरी परिपूरकता कायम गर्नु पर्नेछ।

(ढ) प्रदेश वा स्थानीय तहले विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा सम्बन्धित वडा, टोल, वस्तीका विभिन्न स्थानमा छरिएर रहेका अल्पसंख्यक, सीमान्तकृत र बिपन्न लक्षित समुदायसमेतलाई सम्बोधन हुने गरी विशेष अनुदानका आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्नु पर्नेछ। यस्तो आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा लक्षित समुदायको परिवार संख्या, वडा, टोल वा वस्ती लगायतका अन्य विवरण समेत सलंग्न गर्नु पर्नेछ।

(ण) प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट विगत आर्थिक वर्षमा कार्यान्वयन गरेका तर निर्धारित समयमा सम्पन्न हुन नसकी हालसम्म अधुरो वा अपुरो रहेका पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न गर्न सकिने अवस्था भएमा त्यस्तो आयोजना सम्पन्न हुनसक्ने पर्याप्त आधार र कारण खुलाई एक पटकका लागि प्रस्ताव पेश गर्न सकिनेछ। यसरी अनुदान उपलब्ध गराइएको अधुरो आयोजना प्रचलित खरिद कानूनको अधिनमा रही सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने प्रतिवद्वता समेत पेश गर्नुपर्नेछ।

## ३. विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्दा सलंग्न गर्नुपर्ने कागजातहरु :

आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजातहरु विद्युतीय अनलाईन प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरणको लागत अनुमान वा अनुसूची- ३ बमोजिमको आयोजना वा कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल)

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण। स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिशमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय र अनुसूची-३ बमोजिमको ढाँचामा शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण।

४. आयोजना वा कार्यक्रमको लागत अनुमान, बजेट सीमा सम्बन्धी विवरणः

| क्र.सं. | सम्बन्धित तह | न्यूनतम लागत | अधिकतम लागत | आयोजना/कार्यक्रमको अधिकतम अवधि |
|---|---|---|---|---|
| १ | प्रदेश सरकार | ५ करोड | १० करोड | ३ वर्ष |
| २ | उपमहानगरपालिका/ महानगरपालिका | २५ लाख | ५ करोड | ३ वर्ष |
| ३ | गाउँपालिका/नगरपालिका | २५ लाख | ३ करोड | ३ वर्ष |

५. विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना वा कार्यक्रम सम्बन्धी अन्य विवरणः

क) विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव गर्दाको वखतमा नै कार्यान्वयनमा लैजाने गरी आयोजना वा कार्यक्रमको पूर्व तयारी सम्बन्धी कार्यहरु (जग्गा प्राप्ति, Site clearance, खरीद योजना, जनशक्ति व्यवस्थापन, ठेक्का व्यवस्थापन, लक्षित समुदाय पहिचान, अनुगमन योजना लगायत) मा यथेष्ट ध्यान दिनुपर्नेछ।

ख) प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन गरिएको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन कार्यविधिको अनुसूची-६ बमोजिमको ढाँचामा तयार गरी राष्ट्रिय योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणालीमा त्रैमासिक रूपमा अनिवार्य प्रविष्टि गर्नु पर्नेछ।

ग) प्रदेश वा स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रमस्थलमा "आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नुपर्नेछ।

घ) प्रदेश वा स्थानीय तहले सञ्चालन गरेको आयोजना वा कार्यक्रमको सम्बन्धित विशेषज्ञ, लाभग्राही वर्ग र स्थानीय समुदाय वा सरोकारवाला र नागरिक समाजको सहभागितामा वर्षको कम्तीमा दुई पटक सार्वजनिक परीक्षण तथा वर्षको एक पटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सार्वजनिक सुनुवाई गर्दा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

ङ) विशेष अनुदानबाट सम्पन्न भएका आयोजना वा कार्यक्रमको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ। त्यस्तो आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि नेपाल सरकारले कुनै दायित्व वहन गर्ने छैन।